नेपाल सरकार

रक्षा मन्त्रालय

प्रेस विज्ञप्ति

नेपाल स्थित भारतीय राजदूत महामहिम मन्जीव सिंह पुरी (Manjeev Singh Puri) ले रक्षा मन्त्री माननीय ईश्वर पोखरेलज्यूसंग आज अपरान्ह रक्षा मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा महामहिम राजदूतले रक्षा मन्त्री माननीय ईश्वर पोखरेलज्यूलाई रक्षा मन्त्रालय जस्तो महत्वपुर्ण जिम्मेवारी सम्हाल्नु भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै मन्त्रीज्यूको  कार्यकालको सफलताको कामना समेत व्यक्त गर्नु भयो ।

भेटका अवसरमा महामहिम राजदूतले नेपाल र भारत वीचको सम्वन्ध अति घनिष्ठ रहेको र यस्तो सम्वन्ध दुवै देश वीच सामाजिक तथा सांस्कृतिक रुपमा समेत मजवुत रहेको कुरा व्यक्त गर्नु भयो । नेपाल र भारत वीचको अनुपम सम्वन्ध अतुलनीय भएको र यस्तो सम्वन्ध र आपसी सहयोग आगामी दिनमा समेत निरन्तर रहिरहने विश्वास व्यक्त गर्नु भयो । त्यस्तै, नेपाली सेनाले सुरक्षाको क्षत्रेमा पु-याएको अन्तराष्ट्रिय योगदानको सराहना गर्दै महामहिम राजदूतले नेपाली सेनाको क्षमता अभिवृद्धिको लागि विभिन्न प्रकारको तालिम, उपकरण र अन्य विभिन्न क्षेत्रमा सहयोग निरन्तर रहने कुरा व्यक्त गर्नु भयो ।

सो अवसरमा माननीय रक्षा मन्त्रीज्यूले महामहिम राजदूतलाई शिष्टाचार भेटको लागि हार्दिक धन्यवाद व्यक्त गर्दै नेपाल र भारत वीचको सम्वन्ध प्रगाढ रहेको र यस प्रकारको सम्वन्ध दुवै देशका सरकार र जनता वीच मात्र नभै प्रकृति प्रदत्त रुपमा नै विकास हुदै गएको कुरा व्यक्त गर्नु भयो । नेपाली सेनाको क्षमताको विकासको लागि भारत सरकारले पु-याउदै आएको सहयोग र सदभाव प्रति आभार प्रकट गर्दै माननीय रक्षा मन्त्रीज्यूले यस्तो सम्वन्ध आगामी दिनमा समेत निरन्तर रहने अपेक्षा व्यक्त गर्नु भयो । सोही क्रममा माननीय रक्षा मन्त्रीज्यूले महामहिम भारतीय राजदूतलाई दुवै देशका रक्षा मन्त्रालयस्तरमा र सैन्य स्तरको सम्वन्धलाई सुमधुर राख्न चाहेको कुरा समेत व्यक्त गर्नु भयो ।

शिष्टाचार भेटमा भारतीय दूतावासका सैनिक सहचारी र रक्षा मन्त्रालयका निमित्त सचिव श्री ऋषि राजभण्डारी समेतको उपस्थिति थियो ।

ऋषि राजभण्डारी
प्रवक्ता

सिंहदरवार, काठमाडौ
२०७४।११।२९